## लैमूसास अनूगमन तालिम

जेमसीपले मार्च महिनामा यसका नमूना जिल्लाहरु स्याङ्गजा र मोरङ्गमा दुई दिने लैमूसास अनुगमन प्रशिक्षक प्रशिक्षणको आयोजना गऱ्यो। उक्त तालिममा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिबाट मोरङ्गमा जम्मा ८ महिला र १५ पुरुष र स्याङ्गजामा जम्मा ८ महिला र १८ पुरुष को सहभागिता रह्यो। सहभागीहरुलाई लैमूसास अनुगमनको आधारभूत अवधारणा वारे जानकार बनाउनु, जिविस अन्तर्गत लैमूसास अनुगमनका लागि व्यवहारिक विषयवस्तु र ज्ञान माथि छलफल गर्नु, लैमूसास अनुगमन जाँचसूची तयार गर्नु, जेमसीप सहायक परियोजना अनुगमन बारे जानकारी दिनु र प्रतिवेदन तयारी गर्ने क्षमताको विकास गर्नु मुख्य उद्येश्यहरु रहेको उक्त तालिमको सहजीकरण जेमसीपका राष्ट्रिय र जिल्ला परियोजना अधिकृतहरुबाट गरिएको थियो।

सोही प्रकारको तालिम अप्रिल महिनामा दुवै जिल्लाका गरी जम्मा ६ नमूना गाविसहरुमा पनि आयोजना गरियो। गाविस तहमा यस तालिमका सहभागीहरु एयोस र उपभोक्ता समितिका सदस्यहरु थिए। तालिममा जम्मा १०५ महिला र १२६ पुरुषको सक्रिय सहभागिता रह्यो।

जिल्ला र गाविस दुवै तहमा अनुगमनको विद्यमान अभ्यासहरुको समीक्षा र मनन गरी अनुगमनको क्षेत्रमा रहेका कमजोरीहरु महसुस हुनु, जेमसीपको सहायक परियोजना अनूगमनका लागि लैमूसास अनुगमन योजना र अनुगमन जाँचसूची तयार हुनु, सहभागीहरु लैमूसास अनुगमनको आधारभूत अवधारणा र जेमसीप अनूगमन प्रतिवेदनको प्रवाह र ढाँचासंग परिचित हुनु उक्त तालिमको मूख्य उपलव्धी रह्यो।

तेज सुनार
राष्ट्रिय परियोजना अधिकृत, जेमसीप


*अनूगमन तालिम, मोरङ्ग*


*अनूगमन तालिम, स्याङ्गजा*

### जेमसीपका सम्पन्न क्रियाकलापहरू (फेव्रुवरी - जुन, २०११)

| महिना | क्रियाकलाप | स्थान |
|---|---|---|
| जनवरी-फेब्रुअरी | गाविस स्तरीय योजना तर्जुमा दोश्रो तालिम | मोरङ र स्याङ्गजा |
| फेब्रुअरी | सहजकर्ताका लागि तेश्रो तालिम | मोरङ र स्याङ्गजा |
| फेब्रुअरी-मार्च | नमुना गाविसहरुमा वडा अभिमूखीकरण | मोरङ र स्याङ्गजा |
| फेब्रुअरी-मार्च | परियोजना प्रस्ताव लेखन कार्यशाला | मोरङ र स्याङ्गजा |
| मार्च | सहायक परियोजना तर्जूमा, प्राथमिकीकरण, छनौट र छनौट नतिजाको घोषणा | मोरङ र स्याङ्गजा |
| मार्च-अप्रिल | आन्तरिक मध्यावधी समीक्षा | काठमाण्डौं , मोरङ र स्याङ्गजा |
| अप्रिल | सहायक परियोजना कार्यान्वयनका लागि एयोससंग सम्झौता तथा पहिलो किस्ता निकासा | मोरङ र स्याङ्गजा |
| अप्रिल | सहजकर्ताका लागि चौथो तालिम | मोरङ र स्याङ्गजा |
| अप्रिल-मे | लैससास अनुगमन तालिम | मोरङ र स्याङ्गजा |
| मे | सहायक परियोजना कार्यान्वयनकर्ताहरुलाई वित्तिय तालिम | मोरङ र स्याङ्गजा |
| मे | सहायक परियोजनाहरुको प्रगति समीक्षा तथा दोश्रो किस्ता निकासा | मोरङ र स्याङ्गजा |
| जुन | नमूना गाविसहरुमा सहायक परियोजनाहरुको लैससास सवाल माथि सुनुवाई | मोरङ र स्याङ्गजा |

### जेमसीपका आगामी क्रियाकलापहरू (जुलाई - सेप्टेम्वर , २०११)

| महिना | क्रियाकलाप | स्थान |
|---|---|---|
| जुलाई | सहायक परियोजनाहरुको अनुगमन | मोरङ र स्याङ्गजा |
| अगष्ट | लैमूसास अनुगमन तालिम | मोरङ र स्याङ्गजा |
| अगष्ट | छ वटा नमूना गाविसहरुमा सहायक परियोजनाको दोश्रो चक्रको तयारी | मोरङ र स्याङ्गजा |
| सेप्टेम्वर | नेपाल सरकार र जाईकाबाट जेमसीपको संयुक्त मध्यावधी समीक्षा | काठमाण्डौं, मोरङ र स्याङ्गजा |
| अगष्ट-सेप्टेम्वर | दोश्रो समूहको नमूना गाविस छनौटको तयारी | काठमाण्डौं, मोरङ र स्याङ्गजा |
| सेप्टेम्वर | परियोजना व्यवश्थापन समितिको सातौ बैठक, संयुक्त समन्वय समितिको चौथो बैठक | काठमाण्डौ |

GeMSIP Office, c/o Ministry of Local Development, Pulchowk, Lalitpur, Nepal
Tel/Fax: 01-5538225, E-mail: gemsip.np@gmail.com
http://www.gemsip.org.np/



लैंगिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण परियोजना

नेपाल सरकार
-जाईका प्राबिधिक
सहयोग

# जेमसीप अपडेट

जुन २०११, छैठौं संस्करण

## नमूना परियोजनाको सामान्य चित्रण

गाविसको निर्णय प्रक्रिया, परियोजना छनौट र कार्यान्वयनको विद्यमान प्रक्रिया र पद्धतीमा सुधार ल्याउने अभिप्राय सहित जेमसीप नमूना परियोजनाको सुरुवात भएको हो। निर्णय प्रक्रियामा महिला र वञ्चित समूहको समान सहभागीता र विकासका प्रतिफलको समतामुलक बांडफांडलाई व्यवहारिक रुपमै प्रयोगमा ल्याउने अवसर स्थानीय जनतालाई प्रदान गर्ने विशेष अवसरका रुपमा यो परियोजना कार्यान्वयन भएको छ। जेमसीप नमूना परियोजनाले यसका राम्रा अभ्यासहरुलाई प्रतिविम्वित गर्ने गरी लैससास चक्रको स्थापना गर्न सक्षम हुनेछ भन्ने विश्वास लिईएको छ। यदि सफलतापूर्वक लैससास चक्र स्थापना गर्न सक्षम भएमा उक्त सफलताका विविध पक्षहरुको विश्लेषण र सामान्यीकरण गरी लैससास चक्रको उक्त नमूनालाई अन्य क्षेत्रमा प्रसार गर्नमा समेत नमूना परियोजनाले सघाउ पुऱ्याउने छ।

नेपाल सरकारले व्यवस्था गरे अनुरुप एकीकृत योजना तर्जुमा समितिले गाविसमा योजना तथा बजेट व्यवस्था हेर्दछ भने वडा समितिहरुले वडा तहमा परियोजना प्रस्ताव संकलन गरी प्राथमिकीकरण गर्दछ। तैपनि, एयोसको भूमिकाका सम्वन्धमा स्पस्ट रुपमा नीतिगत व्यवख्या नभएको अवस्था एकातिर विद्यमान छ भने अर्कातिर वडा समितिहरु गठन समेत गर्न नसकिएको अवस्था छ। सोही अवस्थालाई मध्यनजर गर्दै समकक्षी र सरोकारवालाहरुसंगको लामो परामर्श पछि जेमसीपले यसको नमूना परियोजना कार्यान्वयनार्थ गाविस र वडामा लैससास नीति २०६६ ले व्यवस्था गरेबमोजिम एयोस र वडा समितिको गठन गरी स्थानीय स्तरमा कार्यान्वयन प्रक्रिया सहजीकरणका लागि प्रत्येक नमूना गाविसमा २ जना सहजकर्ता नियुक्त गरेको छ।




माथिको चित्रले नमूना परियोजनाको संगठनात्मक संरचनालाई अझ प्रष्ट बनाउछ :

मिचिको चुरुमिनी
जेमसीपका लागि जाईका विज्ञ

## जेमसीप नमुना परियोजना कार्यान्वयन गर्न म उत्साहित छु



नेपाल सरकार र जाइका विचमा भएको सम्झौता अनुसार नेपालका २ जिल्ला मोरङ्ग र स्याङ्गजामा जेमसीप नमुना परियोजना कार्यक्रम संचालन गरिएको छ। यस कार्यक्रमले स्याङ्गजा जिल्लाका तीन वटा गाविसहरु फेदिखोला, विरुवा अर्चले र जगत्रदेवीमा विगत दुई वर्ष देखि काम गर्दै आएको छ। ५ वर्षको लागि संचालन गरिने यो कार्यक्रमको विधि र प्रकृयाले लैङ्गिक तथा सामाजिक समावेशीकरणको क्षेत्रमा राम्रो प्रभाव पारेको छ।

जेमसीपको प्रकृया लामो खालको भएकोले र राजनीतिक दलहरु र स्थानीय जनताहरुमा जाइका/जेमसीपले ठूला ठूला योजनाहरु संचालन गर्देला भन्ने सोच भएकाले शुरुका दिनहरुमा उनीहरुको विचार र मानसिकतालाई ब्यवहारिक रुपमा परिवर्तन गर्न पक्कै पनि लामो समय लाग्यो तर काम गर्दै जाँदा यो कार्यक्रमले वास्तवमा सहयोगका ठूला रासिहरुको भन्दा नेपाल सरकारको बिद्यमान लैससास नीति, कार्यक्रमको मर्म र भावनाको कार्यान्वयन माथि जोड दिन्छ भन्ने सन्देश सरोकारवालाहरुसम्म पुगेको पाईएको छ।

निर्वाचित जनप्रतिनिधिहरु नभएको परिवेशमा लैमूसास वडा समिति र एकिकृत योजना तर्जुमा समितिको गठन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणको आधारमा गठन गरिएको छ। यसरी गठन गरिएको वडा समिति र एकिकृत योजना तर्जुमा समितिका पदाधिकारीहरु लैङ्गिक तथा सामाजिक रुपमा पिछडिएका, विपन्न वर्ग, महिला, एकल महिला, अपाङ्ग, जनजाति, अल्पसंख्यक जाति, वालबालिका, गैरसरकारी संघ संस्थाको प्रतिनिधिहरु सहित राजनीतिक दलका प्रतिनिधिहरुको समिति बनेको छ जसले गर्दा विपन्न, गरिब तथा पिछडिएको समुदायले समेत लोकतन्त्र, गणतन्त्र आएको अनुभुति गरेको पाईएको छ।

प्रजातान्त्रीक विधिद्वारा सम्बन्धित समुदायले आफनो प्रतिनिधि आफै छान्ने व्यवस्था गर्दै योजना तर्जुमा समितिमा महिला र दलितको प्रतिनिधि अनिवार्य गर्दा पनि राजनितिक पार्टीहरु वा गाविस सचिवले तोकेको व्यक्ति साक्षिको रुपमा मात्र ल्याउने चलनलाई यो नमुना परियोजनाले अन्त्य गरेको छ। कुनैपनि प्रकारको समिति गठन गर्दा ३३ प्रतिसत महिला हुनैपर्ने, एउटा मुख्य पद महिलालाईृ सुनिश्चित गरिनुपर्ने, त्यस बस्तिमा दलित, जनजाती, आदिबासीहरु भएमा उनीहरुको प्रतिनिधि अनिवार्य गरिनुले योजना तजुर्मा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कनमा समावेसीको सवाललाई सु-निश्चित गर्नुका साथै पारदर्शिता, प्रजातान्त्रीक पद्धती, समावेशी प्रक्रियाको थालनी भएको छ। जेमसीप नमुना कार्यक्रमले स्थानीय वासिन्दामा राम्रो प्रभाव पारेको पाएपछि यसलाई सबै क्षेत्रमा लागु गर्दा वास्तविक जनताको मन छुन सकिने देखेर जिल्ला विकास समिति स्याङ्गजाले एलजिसिडिपीद्वारा सामाजिक परिचालन गरिएका १४ गाविस र गाउँ विकास कार्यक्रमद्वारा सामाजिक परिचालन गरिएको १ गाविस गरी १५ गाविसमा जेमसिमको मोडेल र लैससासको नीति अनुसार एयोस गठन गरिएको छ र उनिहरुलाई लैससास सम्बन्धि २ दिने अभिमुखीकरण पनि गरिसकेकको छ।

यो नमुना कार्यक्रमले योजना तर्जुमाको नमुना पद्धतीलाई व्यवहारिक रुपमा सिकाएको छ। योजना छनोटका लागि यसले सिकाएको पद्धती अनुसार वडासमिति गठन, तालिम, वडाबासीलाई योजनाको प्रस्ताव लेख्ने जानकारी, वडा भेला, प्रस्ताव संकलन, योजना रित पुगेको नपुगेको, क्षेत्रगत विभाजन गरी प्राथमिकता निर्धारण गरी पठाएका योजनाहरुलाई गाविस स्तरीय एकिकृत योजना तर्जुमा समितिमा पेश गर्ने, एकिकृत योजना तर्जुमा समितिलाई योजना छनोट पद्धती/तरिका को तालिम, अनुगमनको तालिम, योजना छनोट गर्दा तयार गर्नु पर्ने आधारहरु, अनुगमन सुची आदिको जानकारी पछि मात्र एयोसले जेमसीप विज्ञ र लैससास कार्यान्वयन समितिको प्रतिनिधिको रोहवरमा योजना प्राथमिकता निर्धारण र छनोट गर्ने भएकोले हुनेखाने र टाठाबाठाले मात्र साधन श्रोत लैजाने गरिएको विगतको परंपराको अन्त्य गर्न सफल भएको प्रस्ट रुपमा देख्न र भोग्न पाएकोले यो कार्यक्रमबाट म ज्यादै प्रभावित भएको छु।

**थानापति न्यौपाने, सदस्य सचिव लैससास कास, स्याङ्गजा**

## परियोजना प्रस्तावहरु कसरी छनौट भए

समाजका व्यक्तिहरुको धारणा, सोचाई र स्वभावमा सकारात्मक परिवर्तन गर्न तथा नयाँ लोकतान्त्रिक पद्धतिको वास्तविक अभ्यास गर्न "गर र सिक" को अवधारणालाई पछ्याउदै योजना तर्जुमा प्रक्रियालाई लैगीक उत्तरदायी तथा सामाजिक समावेशी वनाउन जेमसीपले गाविस वजेट विनियोजन र खर्च गर्ने प्रक्रियालाई प्रजातान्त्रिक वनाउन अभ्यास गरिरहेको छ ।

यसै क्रममा जाईका अनुदानवाट संचालन गरिने सहायक परियोजनाको लागि टोलटोलका उपभोक्ता समुहले परियोजना प्रस्ताव तयार गरी लैमुसास वडा समितिमा पेश गरे । लैमुसास वडा समितिले प्रस्ताव संकलन गरी ८ वटा मापदण्डको आधारमा आवश्यकतालाई केलाउँदै समजोडि स्तरीकरण र व्यक्तिगत अंकन विधिको प्रयोग गरी प्राथमिकरण गरी अन्तिम छनौटको लागी गाविस स्तरिय एकीकृत योजना तर्जुमा समितिमा पेश गरियो । वार्डवाट आएका कुल ४७ वटा प्रस्तावहरुलाई एयोसले विश्लेषण गर्ने काम गऱ्यो । वार्डको प्राथमिकता र आवधिक योजनाको लक्षलाई ध्यानमा राखी लैमुसास अवधारणालाई पछ्याउँदै ९ वटा वार्डमा १/१ वटा सहायक परियोजना छनौट भयो । जसमध्ये खानेपानी तर्फ ३, सिंचाई २, ग्रामीण सडक स्तरउन्नति २, लैससास तालिम १ र स्वास्थ्य तथा सरसफाई तर्फ १ गरी ९ वटा योजना रहेका छन् । यसरी चरणगत हिसावले हरेक प्रक्रियालाई लैंगीक उत्तरदायी तथा सामाजिक समावेशी वनाउनका लागी हामी सहजकर्ताहरुले सहजीकरण र अधिवाचन गर्ने गरेका थियौं ।

जेमसिप सहायक परियोजनाहरु ९ वटै वार्डको लागि छनौट भएकाले जगतदेवी गाविस को सवै वार्डले योजना निर्माण, कार्यान्वयन, अनुगनम र मुल्यांकन सवै चरणहरुलाई लैससास उत्तरदायि वनाउने प्रक्रियामा सहभागि हुन पाएका छन् । जसले गर्दा महिला तथा वञ्चित समुहका आवाजहरु विकासको निर्णायक तहसम्म पुऱ्याउन र विकासका सवै चरणहरुको वारेमा जानकारी गराउन सजिलो भएको छ ।

यसरी जेमसीप नमुना परियोजना लागू भएपछि समुदायका महिला तथा वञ्चित समुदायमा धेरै सकारात्मक परिवर्तन भएको छ । आफ्ना आवाजहरु निर्णायक तहमा राख्ने, योजना निर्माण, कार्यान्वय र अनुगमन गर्ने क्षमताको विकास भएको कुरा स्पष्ट सुन्न र व्यवहारिक रुपमा देख्न पनि सकिन्छ । पूर्ण रुपमा परिवर्तन गर्नको लागि त पक्कै पनि समय लाग्छ तथापि जेमसीप सहायक परियोजनाको योजना निर्माण, छनौट, कार्यान्वयन र अनुगमन गर्ने प्रक्रियाले समुदाय स्तर वाट गाविस स्तरको एयोस को पनि क्षमता विकास गरेको छ र आगामी वर्षको गाविस को योजना प्रक्रियालाई पनि लैमुसास उत्तरदायी र प्रजातान्त्रिक वनाउनु पर्छ भन्ने कुराको संदेश दिएको छ ।

**विनोद न्यौपाने**
**सहजकर्ता, जगतदेवि गा वि स**

## पहिलाको प्रणालीभन्दा के फरक छ ? जेमसीपको महत्व के छ ?



कोशी अंचलको मोरङ्ग जिल्लाका ६५ वटा गाविस मध्ये टांडी एक दुर्गम गाविस हो । यसको पुर्वमा ईलाम जिल्ला तथा मधुमल्ला गाविस, पश्चिम तर्फ जांते गाविस उत्तरमा रमितेखोला गाविस र दक्षिणमा मधुमल्ला गाविस रहेको छन् ।

यस गाविसमा ब्राम्हण, क्षेत्री, राई, लिम्बु, दलितको मिश्रित वस्ति रहेकोछ । यँहा १ उच्च मा.वि., २ वटा नि.मा.वि. र १० वटा प्रा.वि. रहेका छन् । प्रत्येक वार्डमा कृषी सडकको निर्माण भएकोछ भने यस गाविसमा मनोरम तथा पर्यटकीय स्थल चुलीपोखरी अवस्थित छ ।

जेमसीपले यस गाविसमा आफ्नो कार्यक्रम संचालन थालेपछि गाविस सचिवको संजोकत्वमा जेमसीप एकिकृत योजना तर्जुमा समिति गठन भएको छ । एयोसमा महिलाको ५० प्रतिशत सहभागीता रहेका छ साथै दलित, आदिवासी जनजाति, बालबालिका समेतको प्रतिनिधित्वरहने गरी गठन गरिएको छ । जेमसीपले नेपाल सरकारले अंगीकार गरेको लक्ष्य तथा उद्देश्य प्राप्तीको लागि सहयोगी भुमीका मात्र हैन स्थानीय स्तरमा भएका कृयाकलाप कुन पद्धतिवाट हुँदैछ भन्ने जानकारी गराउँदछ । साथै बञ्चितीकरण्मा परेका सम्पूर्ण गाउँ वासीलाई यसले प्रोत्साहित तथा जागरण गराउने क्रियाकलाप गरेको छ ।

विद्यमान ऐन, कानुन, नीति नियम, अनुसार कार्यक्रम कसरी लैजादा जनता तथा सेवाग्राहीले परियोजनाको बारेमा सरल भाषामा जानकारी पाउछन्, आफ्नो उपस्थिती जनाउदछन् र कार्यक्रमको प्रवाभकारिता रहन्छ भन्नेमा जेमसीप सचेत भएकाले नै जेमसीप परियोजना यस गाविसमा आएपछि सबैले आफ्नो हक अधिकार सुनिश्चितताका लागि गाविसमा परामर्श गर्न थालेका छन् । सबैले आफ्नो विचार भन्न र आदान प्रदान गर्न सिकेका छन् ।

नेपालले अगिकार गरेको लैङ्गिक मुलप्रवाहीकारण तथा सामाजिक समावेशीकरण कार्यक्रमलाई पुरा गर्न यस परियोजनाले थप टेवा पुऱ्याएको छ ।

वास्तवमा गाउँका तल्लो तह, बस्ती स्तर सम्म पछाडि परेका दलित, महिला, आदिवासी जनजाति, पिछडिएका क्षेत्रलाई नीति निर्माण देखि कार्यान्वयन, अनुगमन, मुल्यांकन तथा लाभ तथा समतामुलक र समानताको आधारमा पारदर्शी रुपमा अगाडि बढाउन जेमसीप परियोजना मुख्य सहयोगी पात्रको रुपमा रहेको तल्लो तहबाट नै आभाष भएको पाईन्छ ।

लैङ्गिक मुलप्रवाहीकरण तथा सामाजिक समावेशीकरणको क्षेत्रमा यो गाविस नेपालको नमुना गाविसको रुपमा परिचित हुन सकोस भन्ने आशा गर्दछु । साथै लैङ्गिक विभेद तथा सामाजिक बञ्चितीकरणलाई अन्त्य गर्दै सभ्य र उन्नत समाजको निमार्णमा यस गाविसले आफुलाई नमुनाको रुपमा परिचित गराउन सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु

**श्री कमल गुँरागाई**
**गाविस सचिव, टांडी, मोरङ्ग**

## सहायक परियोजनाहरू कसरी छनौट भए



समाजमा रहेका महिला, पुरुष, वालवालिका, अपाङ्ग, दलित, आदिवासी, जनजाती, ओ.वि.सी., ब्राम्हण, क्षेत्री पछाडि पारिएका व्यक्तिहरुलाई कुनैपनि विकासको कार्यमा (आर्थिक, राजनैतिक, सामाजिक) सम्मिलित गराई „आफ्नो गाउँ आफै वनाउँ" को अवधारणा अंगाल्दै सोचाई, हेराई, बुझाई, सिकाई तथा व्यवहारमा सकारात्मक परिवर्तन गर्न तथा हालको लोकतान्त्रिक पद्धतिलाई योजना तर्जुमा प्रकृयामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बनाउन जेमसीप गाविसको बजेट बाँडफाँड र खर्च गर्ने पद्धतिलाई प्रजातान्त्रिक वनाउन चाहन्छ ।

यसर्थ जेमसीप सहायक परियोजना कार्यान्वयनका लागि ९ वटै वडामा लैससास वडा नागरिक समिति गठन गरी समितिको बैठकद्वारा सहायक परियोजना रित पुगेको र नपुगेको छुट्याउन तथा प्राथमिकीरणको लागि मापदण्ड बनाइयो । प्रत्येक वडामा परियोजना लेखन सहजीकरण बैठक बसी इच्छुक उपभोक्ता समितिहरु तथा सामुदायिक संस्थालाई सहायक परियोजना प्रस्ताव लेखनमा सहजीकरण गरियो । त्यस पछि उपभोक्ता समितिहरु तथा सामुदायिक संस्थाले तयार गरी पेश गरेको सहायक परियोजना प्रस्तावहरु लैससास वडा नागरिक समितिमा संकलन गरियो । वडाबाट जम्मा २५ वटा र पुरै गाविस समेट्ने गरी ५ वटा गरी जम्मा ३० वटा सहायक परियोजना प्रशताव पेश गरिएको मध्ये रीत पुगेका २३ वटा प्रशतावहरुलाई व्यक्तिगत अंकन विधिबाट प्राथमिकिकरण गरी एयोसमा पेश गरिएका थिए । वडावाट प्राथमिकीकरण गरी पठाइएका २३ र सिधै एयोसमा आएका ५ गरी जम्मा २८ वटा सहायक परियोजनाहरुलाई एयोसद्वारा निर्धारण गरिएका ५ वटा मापदण्डहरु प्रयोग गरी वडावाट प्रथम र द्धितिय प्राथमिकता सम्ममा परेका १९ वटा परियोजनाहरुको व्यक्तिगत अंकन विधि प्रयोग गरि जेमसिप एयोसले अन्तिम छनौट गऱ्यो । जस अनुसार वडा नं. ५ र ९ मा चर्पी निर्माण, वार्ड नं. ८ को अपाङ्हरुको लागि अगरवत्ती उद्योग संचालन र श्री रामजानकी वालविकास केन्द्रको अधुरो भवन निर्माण गरी जम्मा ४ वटा सहायक परियोजनाहरु छानियो । छनौट भएका सहायक परियोजनाहरु गाविसमा सार्वजनिकरण गरी अन्तिम छनौटको नतिजा जिल्ला लैससास कार्यान्वयन समिति र जेमसीपमा पठाईयो । यसपछि जेमसीप (आईडिसिजे), एयोस तथा उपभोक्ता समिति बीचत्रिपक्षिय सम्भौता गरी पहिलो किस्ता रकम निकासा भई सहायक परियोजनाको कार्यान्वयन थालनी गरियो । कार्यान्वयनमा रहेका सहायक परियोजनाको हरेक चरणका प्रकृयालाई लैङ्गिक तथा सामाजिक समावेशी बनाउनका लागि हामी सहजकर्ताहरु सहजीकरण, अधिवाचन र समन्वय गर्न सधै तत्पर र तल्लिन भई लागिरहेका छौं ।

**रंजना कुमारी माझी**
**सहजकर्ता, तेतरिया गाविस, मोरङ्ग**





## लैमूसास आधारभूत लेखाजोखा तथा परिक्षण तालिम, धनकुटा



लैसास सम्बन्धी नेपाल सरकारको विद्यमान नीति नियम कार्यान्वयन गर्नका लागि जेमसीपले मोरङ्ग र स्याङ्जा जिल्लालाई नमूनाको रुपमा लिएको छ । जेमसीप नमूना परियोजना अन्तर्गत दुई नमूना जिल्लासंग जोडिएका १० वटा जिल्लाहरुलाई सहायक नमूना जिल्लाको रुपमा राखिएको छ जसमध्ये धनकुटा पनि एक हो जहाँ लैमूसास खाकाको अनुसरण गर्ने शुभ शुरुवात भएको छ । हामी यसलाई एक उदाहरणीय थालनीको रुपमा लिन सक्छौं ।



धनकुटा जिविसले जिल्लाका ३५ वटा गाविसहरु मध्ये मौनाबुधुक गाविसमा नमूनाको रुपमा जेमसीपको लैमूसास खाका कार्यान्वयन गर्ने जमर्को गरेको छ । जिविसले मौनाबुधुक गाविस को सर्वदलिय संयन्त्र, गाविस एकिकृत योजना तर्जुमा समिति र सामाजिक परिचालकलाई २ दिने लैमूसास आधारभूत र लेखाजोखा तथा परीक्षण तालिम भेडेटारमा सम्पन्न गऱ्यो जसमा जेमसीप मोरङ्गको जिल्ला परियोजना अधिकृतको प्राविधिक सहयोग रहेको थियो ।

उक्त तालिमको मुख्य उद्देश्य सम्बन्धित सरोकारवालाहरुको लैमूसास लेखाजोखा तथा परीक्षण सम्बन्धि आधारभूत अवधारणाको बुझाई र क्षमताको स्तरमा अभिवृद्धि गर्नु र लैमूसास लेखाजोखा तथा परीक्षणको व्यवहारिक तथा प्राविधिक पक्षहरुमा छलफल गर्नु रहेको थियो ।

तालिममा जम्मा १९ जना सदस्यहरु सहभागि भएका थिए, जसमा ७ जना महिला र १२ जना पुरुष सहभागीहरु उपस्थित भएका थिए ।

**तालिमका मुख्य विषयवस्तुहरु:**
सम्बन्धित सरोकारवालाहरुमा लैमूसासको आधारभूत तथा लेखाजोखा र परीक्षणको अवधारणागत र प्राविधिक बुझाई, गाविसको आवधिक योजनाको रुपरेखाको आधारभूत बुझाईको विकास र लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी योजना तर्जुमा प्रकृयासगँ परिचित गराउने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ को साथै महिला र बञ्चित समुहको लागि लक्षित बजेट, लक्षित जनसंख्या सम्बन्धि बुझाइ र लक्षित बजेटको कार्यान्वयनबाट लक्षित जनसंख्याको उचित उपयोग र फाईदामा पहुँचको तरिकालाई सुदृढ गर्ने रहेको थियो ।

आगामी दिनहरुमा जेमसीपले बोकेको अवधारणा, उपलब्धिहरु सहायक नमुना परियोजना जिल्ला तथा गाविसहरुमा सम्प्रेशण गर्न सकिन्छ भन्ने एउटा उदाहरण धनकुटा जिल्लाले पेश गरेको छ ।

**अमृता श्रेष्ठ**
**जिल्ला परियोजना अधिकृत, बिराटनगर, मोरङ्ग**



*सहायक परियोजनाको अनुगमन गर्दै सहजकर्ता, जगतदेवी*



*लैमूसास जनचेतना अभिवृद्धि तालिम, जगतदेवी*



*सम्झौतामा हस्ताक्षर, तेतरिया*



*वडा अभिमुखीकरण, पोखरिया*

## जेमसीपको नमुना परियोनाको पहिलो चक्र अन्तर्गत मोरङ्ग र स्याङ्गजा जिल्लामा छनौट भई कार्यान्वयन भईहेका परियोजनाहरु निम्नानुसार छन् ।

### स्याङ्गजा

| क्र.सं. | फेदिखोला गाविस | जगत्रदेवी गाविस | विरुवा अर्चले गाविस |
|---|---|---|---|
| १ | एम्वुलेन्स ग्यारेज निर्माण, सर्केटारी | गुठी इलुंगा ग्रामीण सडक निर्माण | गोगने धारा खानेपानी |
| २ | छेडेरह मुहान तथा पाइप लाइन मर्मत | चिलाउने कुवा खानेपानी कुवा निर्माण | कामी डांडा आकाशे टंकी निर्माण (२०,००० लिटर) |
| ३ | भयरथान पधेरो तथा बाटो निर्माण | लैससास सम्वन्धी अभिमुखीकरण तालिम ३ दिने | गावु डांडा खानेपानी टंकी निर्माण |
| ४ | फेदिखोला ७ पैमरीखोला खानेपानी मर्मत | बभ्रुडी खानेपानी कुवा निर्माण | स्टेचर खरिद |
| ५ | राम्चेडाडा प्रतिक्षालय भवन निर्माण | वदरे खेत सिंचाई | वडा नं ४ को वाँभ्रोथरमा १० घरधुरीमा धुवारहित चुलो निर्माण |
| ६ | अयरपानी खानेपानी लिफ्ट सिष्टम योजना | गराङ्दी कोटमा १० वटा शौचालय निर्माण | वडा नं ४ को प्रत्येक घरवाट १/१ जना गरी ६३ जनाका लागि लैससास सम्वन्धी दुई दिने अभिमुखिकरण तालिम संचालन |
| ७ | चिलाउने खानेपानी टंकी निर्माण | यहुदीखर्क सिंचाई योजना | चर्पी निर्माण योजना १० घरमा |
| ८ | जोगिस्थान पैरे खत्री रह  सडक मर्मत | बरण्डाडा भञ्ज्याङ्गवारी खानेपानी परियोजना टंकी निर्माण | तल्लो ठूलो मोचावारीमा १५ घर धुरीमा शौचालय निर्माण |
| ९ | भंडारी खोला खानेपानी मर्मत | बाटो मर्मत तथा सम्भार गर्ने (चापकोट जाने मोटरबाटो देखि ज्ञानज्याती प्रावि सम्म) | सानो मोचावारी खानेपानी योजना |
| १० | तल्लो खट्केटारी खानेपानी योजना (विद्यालयसहित) | | भगरेथान तिलडांडा हुदै स्यालडांडा ग्रामिण मोटरवाटो सफाइ |
| ११ | | | गौराघर सामूहिक भवन निर्माण |
| १२ | | | सकारात्मक सोच तथा क्षमता विकास तालिम ३ दिने |
| जम्मा परियोजना संख्या | | | |
| | १० | ९ | १२ |



सहायक परियोजनाको अनुगमन गर्दै, टाँडी



उपभोक्ता समुहहरुसँग साक्षात्कार गर्दै स्थानिय विकास अधिकारी र महिला विकास अधिकृत, स्याङ्गजा

### मोरङ्ग

| क्र.सं. | टाँडी गाविस | पोखरिया गाविस | तेतरीया गाविस |
|---|---|---|---|
| १ | तिल्केनी हर्दिया खानेपानी योजना | सेलो ट्यूवेल जडान र सिंचाई (पोखरिया वार्ड नं १ देखि ९ सम्म) | अपाङ्ग समुहद्वारा अगरबत्ती र मैनवत्ती उद्योग संचालन |
| २ | महिलाहरुलाई कानूनी सचेतना कार्यक्रम | खानेपानी ट्यूवेल जडान (११ घरमा १/१ वटा) | श्री रामजानकी बाल विकास अधुरो भवनको निर्माण तेतरिया ८ |
| ३ | | कलभर्ट निर्माण (पोखरिया ३ नयाँ टोल जाने बाटोमा पाइप जडान र कलभर्ट निर्माण ) | तेतरिया ९ सुर्यमूखि संस्थाद्वारा १०५ घरमा चर्पी निर्माण |
| ४ | | | वडा नं ५ को घरघरमा चर्पी निर्माण (जम्मा ११४ घरधुरीमा) |
| जम्मा परियोजना संख्या | | | |
| | २ | ३ | ४ |





## सहायक परियोजना प्रस्ताव : योजना तर्जुमा देखि अन्तिम छनौटसम्म



नमूना गाविसहरु तेतरिया, टांडी र पोखरियाका उपभोक्ता समिति र सामुदायिक संघसंस्थाहरुले जेमसीप सहायक परियोजना कार्यान्वयन गर्नका लागि वस्ती स्तरमा योजना तर्जुमा, वडा स्तरमा संकलन तथा प्राथमिकीकरण तथा गाविस स्तरमा सहायक परियोजनाको अन्तिम छनौट जस्ता क्रियाकलापहरु सम्पन्न गरे । उक्त क्रियाकलापहरु सम्पन्न गर्नका लागि  उपभोक्ता समिति, सामुदायिक संघसंस्थाहरु र सम्वन्धित सरोकरवालाहरु सम्म आवश्यक सूचना पुऱ्याउन र उनीहरुको क्षमता अभिवृदि गर्न जेमसीप नमूना गाविसहरुमा निम्न कार्यक्रमहरुको आयोजना गरियो :

१. वडा अभिमूखिकरण
२. परियोजना प्रस्ताव लेखन सहजीकरण तालिम
३. परियोजना प्रस्ताव लेखन
४. वडामा परियोजना प्रस्तावको संकलन र प्राथमिकीकरण
५. परियोजना प्रस्तावको अन्तिम छनौट तथा नतिजा सार्वजनिक

### योजना तर्जूमा

जेमसीपका नमूना गाविसहरुले योजना तर्जूमा देखि परियोजना प्रस्ताव संकलन, प्राथमिकीकरण र अन्तिम छनौट सम्म प्रजातान्त्रिक साथै लैंगिक उत्तरदायी र सामाजिक समावेशी तवरले सम्पन्न गर्नका लागि प्रत्येक वडामा माथि उल्लिखित कार्यकमहरु सम्पन्न गरे । सामूदायिक संघसंस्था, उपभोक्ता समिति, वडा समितिहरु, राजनीतिक दलका स्थानीय समितिहरुका प्रतिनिधिका साथै सामाजिक कार्यकर्ता, महिला, बञ्चित समूह एवं सम्वन्धित सरोकारवालाहरुले समेत वडा अभिमूखीकरणमा सक्रिय सहभागिता जनाए । उपस्थित सबैमाझ जेमसीपका गाविस सहजकर्ताहरुले सहायक परियोजना प्रस्ताव तयार गर्ने प्रक्रिया र मापदण्ड संगै उक्त परियोजना प्रस्ताव सम्वन्धित वडा समितिमा पेश गर्ने समयसीमा समेत जानकारी गराए ।

परियोजना प्रस्ताव लेख्न ईच्छुक उपभोक्ता समिति र सामुदायिक संघसंस्थाहरुले सम्वन्धित गाविसको आवधिक योजनाले परिकल्पना गरे अनुरुपको आवश्यकतामा आधारित रहेर लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी परियोजना प्रस्ताव तयार गर्न सक्षम बन्नका लागि परियोजना प्रस्ताव लेखन सहजीकरण बैठकमा सहभागीता जनाए । यसका अतिरिक्त सहजकर्ताहरुले प्रत्येक वडाको भ्रमण गरी उपभोक्ता समिति र सामुदायिक संघसंस्थाहरुलाई समयसीमा भित्रै वास्तवमै लैंगिक उत्तरदायी तथा समाजिक समावेशी परियोजना प्रस्ताव तयार गर्न प्राविधिक सहयोग पुऱ्याए ।

यसरी उपभोक्ता समिति र सामुदायिक संघसंस्थाहरुले सहायक परियोजना प्रस्ताव तयार पारी सम्वन्धित वडा नागरिक समितिमा बुझाए ।

### वडा तहमा सहायक परियोजना प्रस्तावको संकलन तथा प्राथमिकीकरण

लैससास वडा नागरिक समितिले बैठकको आयोजना गरी उपभोक्ता समिति र सामुदायिक संघसंस्थाहरुले तयार गरेको सहायक परियोजना प्रस्ताव प्रथमिकीकरणको प्रक्रिया र पद्धती तय गऱ्यो र सोही अनुरुप लैससास वडा नागरिक समितिले सहायक परियोजना प्रस्तावहरुको प्राथमिकीकरण गऱ्यो । सहायक परियोजना प्रस्तावहरुको प्राथमिकीकरणको कममा प्रजातान्त्रिक अभ्यासको सुनिस्चितता गर्दै त्यसलाई लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बनाउन लैससास वडा नागरिक समितिले व्यक्तिगत अंकन विधिको प्रयोग गऱ्यो ।

उक्त प्राथमिकीकरण प्रक्रियालाई प्रजातान्त्रिक, लैंगिक उत्तरदायी र सामाजिक समावेशी वनाउनका लागि लैससास नागरिक समितिको क्षमता अभिवृदि गर्न जेमसीप सहजकर्ता, जिल्ला अधिकृतहरु तथा लैससास कासका सदस्यहरुवाट समेत सहजीकरण गरियो ।

यसरी सवै नमूना गाविसका प्रत्येक वडाले सहायक परियोजना प्रस्तावको संकलन तथा प्राथमिकीकरण सम्पन्न गरी ती परियोजना प्रस्तावहरुलाई अन्तिम छनौटका लागि जेमसीप/गाविस एयोसमा पठाए ।

### गाविसतहका सहायक परियोजना प्रस्तावको अन्तिम छनौट

वडा समितिबाट आएका प्राथमिकताक्रम निर्धारण भई आएका परियोजना प्रस्तावको छनौट गर्नका लागि गाविस स्तरीय दोश्रो योजना तर्जुमा तालिम कार्यशालामा निर्धारण गरिएका प्रक्रिया तथा पद्धतीलाई अन्तिम रुप दिनका लागि जेमसीप/गाविस एयोसले तयारी बैठकको आयोजना गऱ्यो र सोही प्रक्रिया तथा पद्धतीमा आधारित हुदै व्यक्तिगत अंकन विधिबाट परियोजनाहरु छनौट गरियो । उक्त अन्तिम छनौट प्रक्रियाको जेमसीप सहजकर्ता, जिल्ला अधिकृतहरु, राष्टिय अधिकृतहरु र लैससास कासका सदस्यहरुबाट सहजीकरण गरियो । यसरी जेमसीप/गाविस एयोसले सहायक परियोजना प्रस्तावको प्रजातान्त्रिक, लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी तवरले अन्तिम छनौट गरी छनौटको नतिजा सार्वजनिक गऱ्यो ।

राम अचल यादव
जिल्ला परियोजना अधिकृत, मोरङ्ग

## तेश्रो र चौथो सहजकर्ता तालिम

स्थानीय तहको योजना तर्जुमा प्रक्रिया सहजीकरणका लागि सहजकर्ताहरुको क्षमता अभिवृध्दि गर्ने उध्देश्यले जेमसीपले ११-१२ फेब्रुअरीमा स्याङ्जा जिल्ला र १२-१३ फेब्रुअरीमा मोरङ्ग जिल्लाका सहजकर्ताहरुका लागि तेश्रो तालिमको आयोजना गऱ्यो। वडा अभिमुखीकरण द्वारा समुदायका मानिसलाई आवश्यक स्रोत माथिको पहुच वृदि गर्ने अवशर वारे जानकारी गराउने, सहायक परियोजना प्रस्ताव लेखनका लागि सहजीकरण गर्ने, वडा तह मा योजनाहरुको प्राथमिकीकरण प्रक्रियाको सहजीकरण, गाविस तहमा परियोजनाहरुको अन्तिम छनौटको सहजीकरण र अन्तिम छनौट नतिजाको घोषणा तथा सम्झौतामा हस्ताक्षर जस्ता विषयवस्तुहरु उक्त तालिममा समेटिएका थिए।

तालिमको समाप्ती सँगै दुवै जिल्लाका सहजकर्ताहरुले आवश्यकता पहिचान देखि अन्तिम छनौट र सम्झौतामा हस्ताक्षर सम्मको गाविसतहको विस्तृत कार्ययोजना तयार गरेका थिए।

त्यसैगरी, जेमसीपले ८ अप्रिल र २८ अप्रिलमा क्रमश मोरङ्ग र स्याङ्जा जिल्लामा सहजकर्ताहरुका लागि चौथो तालिमको आयोजना गऱ्यो। सहायक परियोजना कार्यान्वयनको अनुगमन, जेमसीप सहायक परियोजनाको प्रतिवेदनको ढाँचा र प्रतिवेदनको समयतालिका, सहायक परियोजना अनुगमनमा सहजकर्ताहरुको भूमिका जस्ता विषयवस्तुहरु उक्त तालिममा समेटिएका थिए।

तेश्रो र चौथो दुवै तालिममा प्रत्येक जिल्लामा ६ जना गरी जम्मा १२ जना सहजकर्ताहरु सहभागि भएका थिए।

**शंकर पौड्याल**
**राष्ट्रिय परियोजना अधिकृत**

## जिल्ला विकास समिति स्याङ्गजा द्वरा जेमसीपको प्राविधिक सहयोगमा १५ गा वि स का सचिव र सामाजिक परिचालक हरुलाई ३ दिने लैमुसास आधारभुत तालिम



जिल्ला विकास समिति स्याङजाले यस आर्थिक वर्ष बाट जेमसिप को ढाँचामा काम गर्नको लागि १५ गा वि स (एलजिसिडिपि १४ र गाउँ विकास कार्यक्रम १) छनौट गरेको छ। यसका लागि १५ गाविसका सामाजिक परिचालक र गाविस सचिवहरुलाई जेमसिपको प्राविधिक सहयोगमा ३ दिने लैंगीक मुलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण आधारभुत तालिम संचालन गरेको छ। तालिम मा १० जना महिला र २१ जना पुरुष गरी ३१ जनाको सहभागिता रहेको थियो।

यो तालिमको उद्देस्य लैंगीक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरणको अवधारणा वुझाउने, लैससास निति र गाविस अनुदान संचालन निर्देशिका मा अभिमुखीकरण गर्ने, गाविस को योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकनलाई लैससास उत्तरदायि वनाउन सहयोग गर्नुका साथै लक्षित वजेटको प्रभावकारि कार्यान्वयनमा सहयोग गर्नु रहेको थियो।

सोहि तालिममा कार्ययोजना निर्माण गरी हाल १५ वटै गा वि स मा एकीकृत योजना तर्जुमा समति गठन गर्ने र उक्त एयोसहरु लाई २ दिने लैमुसास आधारभुत तालिम संचालन भईसकेको छ। गाविस स्तरको तालिममा पनि जेमसिपले प्राविधिक सहयोग गरेको छ र मुख्य सहजीकरण गर्ने काम लैससास कास का सदस्यहरुले गरेका छन्।

हाल जिविस स्याङ्जाले आफ्नै स्रोत साधन मा जेमसिप नमुना परियोजनाको सिकाई र ढाँचालाई अनुसरण गरी काम गरेको छ। यो जिल्ला विकास समिति र सोहि अन्तर्गत संचालित जेमसिप परियोजनाको ठुलो उपलब्धि र सफलता हो।

**नरमाया सुनार**
**जिल्ला परियोजना अधिकृत, जेमसिप स्याङ्जा**



*सहजकर्ताको लागि तालिम, मोरङ्ग*



*लैमुसास तालिम, स्याङ्ग्जा*

## आन्तरिक मध्यावधि समीक्षा

जेमसीप कार्यान्वयनको तेश्रो वर्षमा जाईकाले नेपाल सरकार संग संयुक्त रुपमा यसको मध्यावधि समीक्षा गर्नेछ। यसर्थ उक्त संयुक्त मध्यावधि अगावै जेमसीपले आफ्ना समकक्षीहरु संग जिल्ला स्तरमा मोरङ्ग र स्याङ्जामा क्रमश: २३ र २८ मार्च तथा काठमाण्डौंमा अप्रिल २६ मा आन्तरिक मध्यावधी समीक्षा कार्यशालाको आयोजना गऱ्यो। जेमसीपको हालसम्मको प्रगति समीक्षा र सीकाईको आदानप्रदान गरी सोहि अनुरुप आगामी पद्धती र विषयवस्तुलाई परिमार्जित गर्नु नै उक्त कार्यशालाका मुख्य उद्येश्यहरु थिए।

जिल्ला स्तरीय कार्यशालामा सम्वन्धित जिल्लाका स्थानीय विकास अधिकारीहरु बाट जेमसीपको प्रगति र हालसम्मका उपलब्धिहरु माथि प्रकाश पार्ने काम भयो भने काठमाण्डौंमा जेमसीपका लागि जाईका विज्ञले प्रगति र उपलब्धिमाथि प्रकाश पार्नुभयो। उक्त कार्यशालाका सहभागीहरु विच व्यापक छलफल भयो र उक्त छलफलले जेमसीप योजना मुताविक नै अगाडि वढ्दै केहि सकारात्मक प्रभाव पारेको र कुनैपनि नकारात्मक प्रभाव नपारेको निष्कर्ष निकाल्यो।

उक्त कार्याशाला बाट जेमसीपलाई महत्पूर्ण सल्लाह र सुझावहरुका साथै सिकाई प्राप्त भयो जसलाई जेमसीपले आगामी दिनका क्रियाकलापहरुमा अनुसरण गर्नेछ।

**योको कोमात्सुवारा**
**जेमसीपका लागि जाइका विज्ञ**





## पहिलाको प्रणाली भन्दा के फरक छ ? जेमसिपको महत्व के छ ?



जेमसीपले आफ्नो बुलेटिनको छैठौं अंक प्रकाशन गर्न लागेकोमा सहर्ष सफलताको शुभकामना व्यक्त गर्दछु।

स्याङ्जा जिल्लाको उत्तर भागमा अवस्थित फेदिखोला गाविसमा जनजातिको वाहुल्यता रहेको छ। गुरुङ जातिको विशेष वसोवास रहेपनि गुरुङको अलावा व्राहमण, क्षेत्री, दलित र मुस्लिम जाति समेतको वसोवास रहेको पाईन्छ। शैक्षिक हिसावले क्षेत्र नं. १ मा सदरमुकाम पछि यस गाविस प्रथम स्थानमा पर्दछ। यहाँ १ वहुमुखि क्याम्पस, ३ उच्च मावि, १ मावि, ८ प्रावि, २ वटा निजि मावि र १ निजि प्रावि, छन् भने शैक्षिक तथ्यांक वमोजिम यस गाविसमा ८६ प्रतिशत साक्षर जनसंख्या देखिन्छ। ऐतिहासिक दृष्टिकोणले हेर्दा तत्कालिन नुवाकोट राज्यको सदरमुकाम पनि यसै गाविस मा पर्दछ।

जेमसीपले यस गाविसमा आफ्नो कार्यक्रम सञ्चालन गरेपछि समावेशी र समतामुलक एयोस गठन गरी नेपाल सरकारको उद्देश्य तथा लक्षलाई पछ्याउदै लैगिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी सरकारी लक्ष प्राप्तिको लागी ठुलो योगदान पुऱ्याएको छ। छोटो अवधिमा यस परियोजनाले महिला, वालवालिका, दलित, अपाङ्ग र वञ्चितीकरणमा परेका समुहहरुलाई शसक्तिकरण गरी आफ्नो आवाज संवन्धित ठाउँमा राख्न सक्ने गराईसकेको छ। जसको कारण चालु आर्थिक वर्षमा गाउँ विकास समिति र स्वयं जेमसीपले गाविस मार्फत संचालन गरेको योजना तथा सहायक परियोजनामा योजना तर्जुमा, छनौट र कार्यान्वयन तह सम्म सवै समुह र लिंगको अर्थपूर्ण सहभागिता भएको छ। यसवाट हामीले के विश्वास गरेका छौं भने अव परियोजना को लाभांसमा समेत समान हिस्सेदारी रहने छ।

अन्तमा गाउँ विकास समितिले आफ्नो क्षेत्रभित्र संचालन गर्ने हरेक क्रियाकलापमा नीति निर्माण, कार्यान्वयन, र सो क्रियाकलापवाट प्राप्त हुने लाभांसमा समेत समान र समावेशी सहभागीताका आधारमा लाभांस प्राप्त गर्न सक्षम वनाउनका लागी यस परियोजनाले मुख्य भुमिका खेल्ने छ जसको कारण यस गाउँ विकास समितिलाई लैंगिक मुलप्रवाहीकरण र सामाजिक समावेशीकरणका क्षेत्रमा नेपाल अधिराज्यकै नमुनाका रुपमा उभ्याउन सक्नेछौं भन्ने आशा राख्दै जेमसिपको अझै उच्च प्रगतिको कामना गर्न चाहान्छु।

**श्रीराम आचार्य**
**गाविस सचिव, फेदिखोला**



*लैससास सुनुवाई, विरुवा अर्चले*



*सडक मर्मत, फेदिखोला*

## लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण परियोजना (जेमसीप) : मेरो हेराई



जेमसीप राष्ट्रिय तहदेखि जिल्ला, गाउँ हुदै वडासम्म लैङ्गिक मुलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण प्रवर्द्धनमा केन्द्रित छ। यसले योजना तर्जुमा देखि अनुगमन र मुल्यांकन सम्म लैङ्गिक र सामाजिक समावेशीकरणका सवाल प्रति उत्तरदायी बनाउन चाहन्छ। जसले गर्दा महिला र वञ्चित समुहहरु, आदिवासी जनजाति, दलित, पिछडा वर्गका आवाजहरु विकासको निर्णायक तहसम्म पुगोस् र कार्यान्वयन होस् भन्ने चाहन्छ।

म यस परियोजनासँग नमुना गाविसहरुको छनौट प्रकृया देखि हालसम्म निरन्तर सहभागी भएको कारणले यो परियोजनाको बारेमा धेरै जानकारी हासिल गर्न सफल भएको छु। यसले गाविस छनौट, सहजकर्ताहरुको छनौट र एकिकृत योजना तर्जुमा समिति गठन गर्दा लोकतान्त्रिक प्रकृया अपनाएको देखिन्छ। जेमसिपको कारणले मोरङ्गको टाँडी, तेतरिया र पोखरिया गाविसको आदिवासि जनजाति, दलित, पिछडा वर्ग, महिला लगायतका समुदायका साथै त्यहाँका राजनैतिक दलका कार्यकर्ताहरुले समेत के बुझ्न सफल भए भने परिषद बस्दा, योजना तर्जुमा गर्दा देखि लिएर उपभोक्ता समिति गठन गर्दा समेत लैमुसासको अवधारणालाई आधार मानेर गठन वा कार्यान्वयन गर्नु पर्छ।

म स्वयं नेपाल आदिवासी जनजाति महासघंको मोरङ्ग अध्यक्ष र लैससास कार्यान्वयन समिति मोरङ्गको सदस्य हुनुको साथै तिन वटै गाविस टाँडी, तेतरिया र पोखरियामा जेमसीपले संचालन गर्ने विभिन्न तालिममा सहजकर्ताको भुमिका निवार्ह गरेको हुनाले जेमसीपलाई नजिकबाट हेर्दा यो एक सफल परियोजना हुन सक्छ भन्ने मलाई लाग्दछ।



*परियोजना प्रस्ताव प्राथमीकरणमा सहजीकरण गर्दै सहजकर्ता, तेतरिया*

अन्तमा जेमसीप परियोजना लैङ्गिक मुलप्रवाहीकरण तथा सामाजिक समावेशीकरणको दिशामा सहयोगी बन्न सफल होस् भन्दै यसको निरन्तरता र सफलताको लागि समेत हार्दिक शुभकामना दिन चाहन्छु।

**देवराज चौधरी**
**सदस्य, लैससासकार्यान्वयन समिति, मोरङ्ग**